## अनुसूची -५

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

**साझेदारीमा मेशिनरी सहितको आलु प्रशोधन उद्योग स्थापनाको लागि विवरण तथा स्पेशिफिकेशन**

१. प्रशोधन उद्योग स्थापना गर्ने कार्य योजना र न्यूनतम ५० प्रतिशत लागत अंश व्यहोर्न सक्ने क्षमता भएको हुनुपर्नेछ । यस कार्यक्रमबाट प्रशोधन मेशिन, भवन, भण्डारण, ल्याब आदिको लागि वढीमा ५० प्रतिशत वा वार्षिक कार्यक्रममा उल्लेखित रकम जुन कम हुन्छ सोहि रकम अनुदान उपलव्ध गराईनेछ।

२. उद्योग स्थापनाको लागि जग्गा साझेदार संस्था स्वयमले व्यवस्था गर्नुपर्नेछ।

३. प्रशोधनको लागि उपयुक्त जातको उत्पादन/संकलनगर्ने योजना वा उत्पादकसँग कच्चा आलु खरिदको लागि सम्झौता गर्ने योजना र सो को सम्भाव्यता सम्वन्धी विवरण तयार गरि आपूर्ती सुनिश्चितता गरिएको हुनुपर्दछ।

४. प्रशोधन उद्योगमा कम्तिमा पनि आलु धुने, आलुको बोक्रा ताछ्ने, आलुको चिप्स/चाना वनाउने, आलुको चानालाई ब्लान्चिङ्ग (Blanching) गर्ने, चिप्स/चानाको पानी हटाउने (Dewatering), आलुको चिप्स/चानालाई फ्राई गर्ने (Frying), चानाको चिल्लोपना/तेल हटाउने (De-oiling), फ्राई गरिएको चिप्स/चानामा स्वाद थप्ने (Flavoring) र प्याकेजिङ्ग गर्ने व्यवस्था भएको मेशिन जडान गर्नुपर्नेछ। साथै भौगोलिक वनोट र आवश्यकता अनुसार आवेदकले थपघट गरी आवेदन दिन सक्नेछन ।

५. मेशिनको क्षमता कम्तिमा पनि ५० के.जी./घण्टा कच्चा आलु प्रशोधन गर्न सक्ने हुनुपर्दछ।

६. आवश्यक मेशिनरीहरुको मूल्य सहित स्पेशिफिकेसन खुलाईएको हुनुपर्नेछ।

७. मेशिनहरु स्टेनलेस स्टिलबाट वनेको हुनुपर्नेछ।

प्रदेश सरकार
कृषि व्यवसाय, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

| | | |
|---|---|---|
| ८.३ | दिगोपना हुन नसक्ने | ० |
| ९. | **मेशिनको प्रकार** | **१५** |
| ९.१ | पूर्ण स्वचालित (Fully automated) | १५ |
| ९.२ | अर्ध स्वचालित(Semi-automated) | १३ |
| ९.३ | म्यानुअल(Manual) | ११ |
| १० | **प्रशोधनको लागि प्रयोग गरिने मेशिनको क्षमता** | **५** |
| १०.१ | प्रति घण्टा १०० के.जी भन्दा वढी कच्चा पदार्थ प्रशोधन गर्न सक्ने | ५ |
| १०.२ | प्रति घण्टा १०० के.जी कच्चा पदार्थ प्रशोधन गर्न सक्ने | ४ |
| १०.३ | प्रति घण्टा १०० के.जी भन्दा कम कच्चा पदार्थ प्रशोधन गर्न सक्ने | २ |
| ११ | **उद्योग स्थापनाको लागि जग्गा, मेशिन संचालन गर्ने स्थान, भण्डारण स्थल तथा अन्य आवश्यक वन्दोवस्ती** | **५** |
| ११.१ | सम्पूर्ण व्यवस्था राम्रो भएको | ५ |
| ११.२ | सन्तोषजनक व्यवस्था भएको | ४ |
| ११.३ | आवश्यक व्यवस्था हुने सम्भावना रहेको | २ |
| १२ | **प्रशोधन उद्योग संचालनको लागि आवश्यक जनशक्ति** | **१०** |
| १२.१ | प्रयाप्त जनशक्ति भएको | १० |
| १२.२ | मध्यम जनशक्ति भएको | ९ |
| १२.३ | जनशक्ति कम भएको | ८ |
| १३ | **प्रशोधनको लागि उपयुक्त जात र परिमाणको उपलव्धता** | **१०** |
| १३.१ | उपयुक्त जातको परिमाण उपलव्ध हुन सक्ने | १० |
| १३.२ | परिमाण उपलव्ध हुन सक्ने | ७.५ |
| १३.३ | उपयुक्त जात र परिमाणमा उपलव्ध हुननसक्ने | २ |
| १४ | **आलु उत्पादन/प्रशोधन सम्वन्धी अनुभव** | **५** |
| १४.१ | २ वर्ष भन्दा वढि | ५ |
| १४.२ | २ वर्ष भन्दा कम | ४ |
| १४.३ | अनुभव नभएको | ३ |

